# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २८. अकं ४, जेष्ठ/असार २०७९ May/June 2022


## भरतपुर महानगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिलाई स्वागत तथा महानगरपालिकाको समृद्धिमा निजी क्षेत्रको भूमिका विषयक छलफल कार्यक्रम सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनले मिति २०७९ असार २९ गते संघको सभालहमा एक कार्यक्रम आयोजना गरी भरतपुर महानगरपालिकाका जनप्रतिनिधिलाई सम्मान तथा महानगरपालिकाको समृद्धिमा निजी क्षेत्रको भूमिका विषयक छलफल कार्यक्रम गरेको थियो। कार्यक्रममा भरतपुर महानगरका नगर प्रमुख रेनु दाहालको प्रमुख आतिथ्यता एवम् उप-प्रमुख चित्रसेन अधिकारीको विशिष्ट आतिथ्यतामा भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथि रेनु दाहालले महानगरले करको दर नबढाई दायरा बढाउने तयारीमा रहेको बताउँदै करको दायरा बाहिर रहेको व्यवसायीलाई करको दायरामा ल्याउन निजी

*...बाँकी ३ नं. पेजमा*

## चेम्बर बहुउद्देश्यीय सहकारी संस्थाको उद्घाटन

उद्योग वाणिज्य संघ-चितवनको पहलमा स्थापित चेम्बर बहुउद्देश्यीय सहकारी संस्था लि. को २०७९ असार १० गते संघको सभाहलमा कार्यक्रम आयोजना गरी शुभारम्भ गरिएको थियो। बागमती प्रदेश उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री माननीय मिलनबाबु श्रेष्ठ प्रमुख अतिथि रहनुभएको थियो। सहकारीको उद्घाटन गर्दै प्रमुख अतिथि श्रेष्ठले उद्यमशिलता र उद्योगको विकास नभएसम्म आर्थिक समृद्धी असम्भव हुने बताउँदै यस सहकारीले उद्यमशिलता र उद्योग विकासमा जोड दिनुपर्ने बताउनुभयो । मन्त्री श्रेष्ठले यस सहकारी


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

**लक्ष्य (Mission)**

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

**परिकल्पना (Vision)**

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

**गुणस्तर नीति (Quality Policy)**

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक:**
विज्ञानलाल श्रेष्ठ - कार्यसमिति सदस्य

**सदस्यहरु:**
शिवप्रसाद ओझा, दुर्गाप्रसाद गौतम, रोहितकुमार श्रेष्ठ, यमप्रसाद घिमिरे, उद्धव जोशी, महादीप श्रेष्ठ

**सल्लाहकारहरु:**
राजेन्द्र ओली, सिद्धार्थलाल चुके, रामशरण सिलवाल

**सम्पादक:**
गणेश सुवेदी-सदस्य सचिव

**ले-आउट / डिजाइन:**
सन्देश पौडेल - सूचना प्रविधि अधिकृत




आम प्रचलनको रूपमा चलिएको बचत तथा ऋणको काम गरेर मात्र सहकारीको मान्यता स्थापित नहुने बताउँदै उहाँले कृषि र औद्योगिक प्रवर्द्धनमा सहकारीले ध्यान दिनुपर्नेमा जोड दिनुभयो । सहकारीको माध्यमबाट मात्रै विकास सम्भव भएको बताउँदै मन्त्री श्रेष्ठले बैंकको पहुँच पुग्न नसकेका व्यवसायीलाई सहकारीले आर्थिक उपार्जनमा जोड्नुपर्ने बताउनुभयो । कार्यक्रममा बोल्दै चेम्बर बहुउद्देश्यीय सहकारी संस्थाका लेखा समितिका संयोजक कल्याण जोशीले सहकारीले आफ्नो कारोबार सुरु गरेको जानकारी दिँदै सरकारको तीनखम्बे अर्थनीति अनुरूप सहकारी स्थापना गरिएको बताउनुभयो। सहकारीले बचत तथा ऋण मात्रै नभएर अन्य क्षेत्रमा पनि लगानी गर्ने बताउँदै जोशीले आर्थिक पारदर्शीतामा ध्यान दिने बताउनुभयो। सहकारीका संस्थापक अध्यक्ष राजु श्रेष्ठले साना तथा मझौला व्यवसायीको विकास र प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना भएको बताउनुभयो । सहकारीका सल्लाहकार एवम् उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले उद्योग वाणिज्य संघ–चितवन र चेम्बर बहुउद्देश्यीय सहकारी संस्था सहयोगी हुने बताउँदै व्यवसायीक सफलताको शुभकामना व्यक्त गर्नुभयो। सहकारीका सञ्चालक समितिका सचिव भोजराज कौडालले सञ्चालन गर्नुभएको कार्यक्रममा सहकारीका उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो। कार्यक्रम सहकारीका अध्यक्ष रामप्रसाद श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो।

...बाँकी

क्षेत्रले सहयोग गर्नुपर्ने बताउनुभयो । दाहालले विशेष गरी घरबहाल कर उठाउने विषयमा निजी क्षेत्रसँग सहयोग माग्नुभयो। भरतपुरले निजी क्षेत्रसँगको सहकार्यमा नमुना काम गरेको बताउँदै योजना तर्जुमा गर्दा होस् वा नीति तथा कार्यक्रम बनाउँदा, बजेट बनाउँदा निजी क्षेत्रसँग सहकार्य गर्दै आएको बताउनुभयो । 'मेड इन भरतपुर' लाई ब्राण्डीङ गर्ने नीति लिएको भन्दै महानगर र निजी क्षेत्र एकै रथका दुई पाङ्ग्रा भएको बताउनुभयो। सोही कार्यक्रममा बोल्दै विशिष्ट अतिथि एवम् भरतपुर महानगरपालिकाका उप-प्रमुख चित्रसेन अधिकारीले उद्योगी व्यवसायीहरूको सुझावकै आधारमा महानगरले कतिपय निर्णय गर्ने गरेको बताउँदै महानगर को विकास निर्माण एवम् कर राजश्वको विषयमा निजी क्षेत्रको सल्लाह सुझावअनुसार नै निर्माण गरिने बताउनुभयो । कार्यक्रममा उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सहनलाल प्रधानले स्थानीय स्तरमा विकासका लागि निजी क्षेत्र र महानगर बिच सहकार्य रहनुपर्ने बताउनुभयो। प्रधानले निजी क्षेत्रको सहकार्यमा सुरु भएका योजनालाई अघि बढाउनुपर्ने र सहकार्यलाई मजबुत बनाउँदै जानुपर्ने बताउनुभयो। कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका निवर्तमान अध्यक्ष राजु श्रेष्ठले कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पुर्वाधार विकासमा जोड दिए भरतपुर देशकै नमुना शहर बन्ने बताउनुभयो । संघका पुर्व अध्यक्ष रमेशकुमार पियाले स्थानीय सरकार र उद्योग वाणिज्य संघ-चितवन पहिल्यैदेखि सहकार्य हुँदै आएकोले अब आउने दिनमा व्यवसायीक करमा सहकार्य गरी अगाडी बढ्न सुझाव दिनुभयो । उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले सञ्चालन गर्नुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका पुर्व अध्यक्ष, पदाधिकारी, कार्यसमिति, संघमा आवद्ध वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरूको उपस्थिति रहेको सो कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा भएको थियो।

## टेलिकमको सेवा सम्बन्धमा संघमा छलफल




नेपाल टेलिकमले प्रदान गर्दै आइरहेको सेवाका सम्बन्धमा आज संघको सचिवालयमा छलफल गरियो। नारायणगढको विभिन्न बजार क्षेत्र र चेम्बर मार्ग आसपासको क्षेत्रमा मो बाईल नेटवर्कले राम्रो काम नगरेको व्यवसायीक गुनासो

आएकोले संघले आज उक्त छलफल कार्यक्रमको आयोजना गरेको हो । छलफल कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले प्रविधिको वर्तमान समयमा मोवाईल नेटवर्कले काम नगर्नु दुःखद भएको बताउँदै यथाशक्य छिटो मर्मत तथा आवश्यक प्रविधि थप गर्नका लागि अनुरोध गर्नुभयो । कार्यक्रममा नेपाल टेलिकम भरतपुरका प्रमुख नविनकुमार मिश्रले नेपाल टेलिकमले ग्राहकको सुविधालाई सदैव मध्येनजर राखेको बताउँदै उक्त क्षेत्र भित्रको समस्या प्राविधिक टोली झिकाई एक हप्ता भित्रमा समाधान गर्ने बताउनुभयो । उहाँले व्यवसायीका समस्या समाधानका लागि आफू सदैव तयार रहेको बताउनुभयो ।

सोही कार्यक्रममा संघका पूर्व अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी समिति सदस्य सहनलाल प्रधानले वर्तमान प्रतिस्पर्धात्मक समयमा सेवा प्रदायक संस्थाहरूले आफूलाई सदैव चुस्त राख्नुपर्ने र गुणस्तरमा कहिल्यै सम्झौता गर्न नहुने बताउनुभयो । कार्यक्रममा संघका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदी, कार्यकारी निर्देशक निलबहादुर केसी, नेपाल टेलिकमका गेहेन्द्र सुवेदी, शैलेन्द्र पौडेल लगायत चेम्बर रोडका व्यवसायीहरूको समेत उपस्थिति रहेको थियो । सोही अवसरमा नेपाल टेलिकमको तर्फबाट संघको सचिवालयको लागि एक थान मल्पिल चार्जिङ सिस्टम हस्तान्तरण गरिएको थियो ।

## उद्योग वाणिज्य संघ-चितवन र होटल व्यवसायी संघ चितवनको आयोजनामा वास्तु सेमिनार सम्पन्न




उद्योग वाणिज्य संघ-चितवन र होटल व्यवसायी संघ चितवनको संयुक्त आयोजनामा २०७९ असार २० गते सोमबार उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा एक दिने वास्तु सेमिनार कार्यक्रम सम्पन्न भएको थियो । व्यवसायमा आर्थिक प्रगतिको लागि वैज्ञानिक वास्तुको भूमिका विषयक उक्त सेमिनार सोती वास्तुका वास्तु विशेषज्ञ लक्ष्मीप्रसाद सोतीले वास्तुशास्त्रको वारेमा प्रशिक्षणमूलक प्रस्तुति प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा आफ्नो प्रस्तुति राख्दै प्रशिक्षक सोतीले वास्तु के हो ? यो किन आवश्यक पर्छ ? यसले कस्तो प्रभाव पार्छ ? भन्ने विषयमा जानकारी गराउनुभएको थियो । उहाँले विशेषगरी घर, अफिस, उद्योग, व्यवसाय लगाएत क्षेत्रमा आर्थिक एवम् सम्पूर्ण किसिमका लाभको लागि अपनाउनु पर्ने वास्तुशास्त्रको नियमको बारेमा जानकारी गराउनुभएको थियो। वास्तुशास्त्र कुनै धर्मसँग सम्बन्धित नभएको बताउँदै सोतीले वास्तुलाई विज्ञानले पनि प्रमाणित

गरेको बताउनुभयो । वास्तु एक प्रकारको उर्जा भएको बताउँदै उहाँले वास्तु मिलाएर मात्रै सफल हुन सकिने दाबी गर्नुभयो। विशेष गरी उहाँले नयाँ घर निर्माण गर्दा अपनाउनुपर्ने वास्तुको नियमको वारेमा व्याख्या गर्नुभएको थियो। उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, उपाध्यक्षहरू चिरञ्जीवी सुवेदी, सिरिष पन्त, होटल व्यवसायी संघ चितवनका पूर्व अध्यक्ष इमान्दु बराल, कमल शर्मा गौतम लगाएत उवासंघ चितवन र होटल व्यवसायी संघ चितवनका पदाधिकारी एवम् सदस्यहरूको सहभागिता रहेको थियो। उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रम होटल व्यावसायी संघ चितवनका अध्यक्ष दिलकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## रोजगारी सृजना, रोजगारीको अवस्था, उपलब्ध जनशक्ति लगाएतको विषयमा छलफल कार्यक्रम सम्पन्न



मिति २०७८ साउन ६ गते शुक्रबार नेपालका लागि Switzerland का महामहिम राजदूत Elisabeth von capeller सँग चितवनका निजी क्षेत्रको छलफल कार्यक्रम CMT Resort मा सम्पन्न भएको थियो । कार्यक्रमा रोजगारी सृजना, रोजगारीको अवस्था, उपलब्ध जनशक्ति, बजारमा जनशक्तिको माग लगाएतका विषयमा छलफल गरिएको थियो । उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशकले कार्यक्रम संघको बारेमा जानकारी दिँदै Business and employment information center स्थापना गर्न लागिएको समेत बताउनु भयो । उक्त कार्यक्रमा उद्योग वाणिज्य संघ चितवनको



तर्फबाट उपाध्यक्ष राजेन्द्र ओली, विशिष्ट सदस्य डा. रेवन्तकुमार भट्टराई र कार्यकारी निर्देशक निलबहादुर केसीको सहभागिता रहेको थियो । सोही अवसरमा उवासंघ-चितवनको तर्फबाट उपाध्यक्ष राजेन्द्र ओलीले महामहिम राजदूतलाई Business and employment information center सञ्चालनका लागि सहयोग माग सहित अनुरोध पत्र हस्तान्तरण गर्नुभएको थियो । मागपत्र ग्रहण गर्दै महामहिम राजदूतले अध्ययन गरी सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

## उद्योग वाणिज्य संघ-चितवन
## विभिन्न कार्यक्रमा संघको सहभागिता विवरण
## २०७९ असार मसान्त सम्म

| क.सं. | कार्यक्रम मिति | कार्यक्रममा सहभागिको नाम | कार्यक्रमको नाम | आयोजक संस्था | |
|---|---|---|---|---|---|
| १ | २०७९ वैशाख ४ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष)<br>श्री राजेन्द्र ओली (द्वि. उपाध्यक्ष)<br>श्री सिरिष पन्त (तृ. उपाध्यक्ष)<br>श्री अशोक अधिकारी (कासस)<br>डा. जीवनकुमार श्रेष्ठ (कासस)<br>श्री दिपा शाही (कासस)<br>श्री रविन्द्र श्रेष्ठ (कासस)<br>श्री जनक पौडेल (कासस) | स्वागत तथा क्यालेण्डर विमोचन कार्यक्रम | घरवाहाल उपभोक्ता मञ्च | |
| २ | २०७९ वैशाख ५ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | साधारण सभा | विद्युत व्यवसायी संघ | |
| ३ | २०७९ वैशाख ५ गते | श्री राजेन्द्र ओली (द्वि. उपाध्यक्ष) | अन्तरक्रिया कार्यक्रम | सामाजिक विकास मन्त्रालय | |
| ४ | २०७९ वैशाख ६ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | फोहर मैला व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम एवं प्रदर्शनी | भरतपुर महानगर पालिका | |
| ५ | २०७९ वैशाख ९ र १० गते | सवै कार्यसमिति पदाधिकारी (राजकुमार कानु र थिरप्रसाद धिताल बाहेक) | २०७८-२०८० कार्ययोजना तर्जुमा गोष्ठी | उद्योग वाणिज्य संघ- चितवन | |
| ६ | २०७९ वैशाख १२ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री सिरिष पन्त (तृ. उपाध्यक्ष) | ट्राफिक व्यवस्थापन सम्बन्धी छलफल | | |
| ७ | २०७९ वैशाख १३ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री धनप्रसाद पोखरेल (कासस) | कासस बैठक | स्वास्थ्य तथा वातावरण शाखा भरतपुर मनपा | |
| ८ | २०७९ वैशाख १३ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री योगिता पिया (कासस)<br>श्री निलबहादुर के.सी (का निर्देशक) | सेल्फ मेकअप तथा ग्रुमिङ तालिम | उद्योग वाणिज्य संघ- चितवन र रोटरी क्लब | |
| ९ | २०७९ वैशाख १५ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | गृहमन्त्री माननीय बालकृष्ण खाँडज्यूसंग भेटघाट | होटल व्यवसाय सञ्चालन गर्न समय थप गर्ने सन्दर्भमा | |
| १० | २०७९ वैशाख १५ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>**श्री सिरिष पन्त (तृ. उपाध्यक्ष)** | विज्ञापन कर सम्बन्धमा छलफल | भरतपुर मनपा | |

| क्र.सं. | कार्यक्रम मिति | कार्यक्रममा सहभागिको नाम | कार्यक्रमको नाम | आयोजक संस्था | |
|---|---|---|---|---|---|
| ११ | २०७९ वैशाख १६ गते | श्री सिरिष पन्त (तृ. उपाध्यक्ष) | कमलनगर बजारमा व्यवस्थापन बैठक | | |
| १२ | २०७९ वैशाख १८ गते | श्री सिरिष पन्त (तृ. उपाध्यक्ष) | राहत संकलन | | |
| १३ | २०७९ वैशाख २१ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | (Training with OJT) दिगो तथा सम्भावित रोजगारीको लागि सिप परियोजना | BMC+ RM | |
| १४ | २०७९ वैशाख २३ गते | श्री निलबहादुर केसी (का. निर्देशक) | पंक्षी प्रयोगशाला | भरतपुर मनपा | |
| १५ | २०७९ जेठ १४ गते | श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष) | अटोमेकानिकल व्यवसायी संघ साधारण सभा | अटोमेकानिकल व्यवसायी संघ | |
| १६ | २०७९ जेठ १६ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | Business Startup | IST Foundation Nepal | |
| १७ | २०७९ जेठ १७ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री राजु श्रेष्ठ (निबर्तमान अध्यक्ष)<br>श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्र उपाध्यक्ष)<br>श्री राजेन्द्र ओली (द्वि. उपाध्यक्ष)<br>श्री सिरिष पन्त (तृ. उपाध्यक्ष) | Delegation | जिल्ला प्रशासन कार्यालय | |
| १८ | २०७९ जेठ १७ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | नविन अटो सेन्टर उद्घाटन कार्यक्रम | नविन अटो सेन्टर | |
| १९ | २०७९ जेठ १७ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष)<br>श्री सिरिष पन्त (तृ. उपाध्यक्ष) | **कमलनगरमा भएको आगलागी विषयमा घर वहाल समितिसँग छलफल** | | |
| २० | २०७९ जेठ २० गते | श्री सिरिष पन्त (तृ. उपाध्यक्ष) | राजश्व परामर्श बैठक | भरतपुर महानगर पालिका | |
| २१ | २०७९ जेठ २० गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री राजु श्रेष्ठ (नि. अध्यक्ष)<br>श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष)<br>श्री राजेन्द्र ओली (द्वि. उपाध्यक्ष)<br>श्री निलबहादुर के.सी (का. निर्देशक) | नेउवामहासंघ बागमती प्रदेशको ५ औं प्रदेश सभा | नेउवा महासंघ बागमती प्रदेश | |

| क्र.सं. | कार्यक्रम मिति | कार्यक्रममा सहभागिको नाम | कार्यक्रमको नाम | आयोजक संस्था | |
|---|---|---|---|---|---|
| २२ | २०७९ जेठ २० गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री राजु श्रेष्ठ (नि. अध्यक्ष)<br>श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष)<br>श्री राजेन्द्र ओली (द्वि. उपाध्यक्ष)<br>श्री निलबहादुर के.सी (का. निर्देशक) | कृषि तथा पशुपंक्षी मन्त्रालयमा भेटघाट | उद्योग वाणिज्य संघ-चितवन | |
| २३ | २०७९ जेठ २० गते | श्री सिरिष पन्त (तृ. उपाध्यक्ष) | NYEF चितवन साधारण सभा | NYEF | |
| २४ | २०७९ जेठ २० गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष)<br>श्री राजेन्द्र ओली (द्वि. उपाध्यक्ष)<br>श्री सिरिष पन्त (तृ. उपाध्यक्ष) | सुरक्षा व्यवस्थापनको लागि पत्र सहित ससस्त्र प्रहरी वल आँपटारी | क्षेत्रपुरमा रहेको तर कारी तथा फलफूल थोक बजारमा सुरक्षा प्रवर्द्धन गर्नको लागि | |
| २५ | २०७९ जेठ २४ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री राजेन्द्र ओली (द्वि. उपाध्यक्ष)<br>श्री गणेश सुवेदी (कार्यक्रम अधिकृत) | भेटघाट एवं छलफल कार्यक्रम | बागमती प्रदेश पर्यटन मन्त्रालय तथा उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय | |
| २६ | २०७९ जेठ २५ गते | श्री सिरिष पन्त (तृ. उपाध्यक्ष) | बजार व्यवस्थापन सम्बन्धी कार्यक्रम | फेन्सी व्यवसायी संघ | |
| २७ | २०७९ जेठ २७ गते | पदाधिकारी कार्यसमिति | Industry Academia Dialog | सप्तगण्डकी क्याम्पस आयोजक, उद्योग वाणिज्य संघ-चितवन सह आयोजक | |
| २८ | २०७९ जेठ २८ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री रजनी मास्के (कासस)<br>श्री निलबहादुर केसी (का. निर्देशक) | प्रस्ताप पेश माननीय मिलनबाबु श्रेष्ठ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, बागमती प्रदेश | उवासंघ चितवन | |
| २९ | २०७९ जेठ ३१ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री राजेन्द्र ओली (द्वि. उपाध्यक्ष) | year of spiritual for kindness and compulsive | **ब्रम्हकुमारी राजयोग सेवा केन्द्र** | |
| ३० | २०७९ असार १ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | भरतपुर महानगर पालिका प्रमुख उपप्रमुखलाई स्वागत | NYEF चितवन | |
| ३१ | २०७९ असार २ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | भुमि बचाउ अभियान | | |

| क.सं. | कार्यक्रम मिति | कार्यक्रममा सहभागिको नाम | कार्यक्रमको नाम | आयोजक संस्था | |
|---|---|---|---|---|---|
| ३२ | २०७९ असार २ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष)<br>श्री राजेन्द्र ओली (द्वि. उपाध्यक्ष)<br>श्री सिरिष पन्त (तृ. उपाध्यक्ष) | राजश्व परामर्श बैठक | भरतपुर महानगर पालिका | |
| ३३ | २०७९ असार ३ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री राजु श्रेष्ठ (नि. अध्यक्ष) | भरतपुर महानगर पालिकाको भावी रणनीति विषयमा अन्तरक्रिया | भरतपुर महानगर पालिका | |
| ३४ | २०७९ असार ३ गते | श्री राजेन्द्र ओली (दि. उपाध्यक्ष)<br>डा. रेवन्तकुमार भट्टराई (विशिष्ट सदस्य) | सहुलियत कृषि कर्जा सम्बन्धी | | |
| ३५ | २०७९ असार ६ गते | श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष) | खैरहनी उवासंघ साधारण सभा | खैरहनी उवासंघ | |
| ३६ | २०७९ असार ६ गते | श्री सिरिष पन्त (तृ. उपाध्यक्ष) | राजश्व परामर्श समिति बैठक | भरतपुर महानगर पालिका | |
| ३७ | २०७९ असार ८ गते | श्री रजनी मास्के (कासस) | पुतली बजार महिला समिति अधिवेशन | पुतली बजार महिला समिति | |
| ३८ | २०७९ असार १० गते | कार्यसमिति/पदाधिकारी | चेम्बर बहुउद्देश्यीय सहकारी संस्था लि. उद्घाटन | चेम्बर बहुउद्देश्यीय सहकारी संस्था लि. | |
| ३९ | २०७९ असार १२ गते | श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष)<br>श्री रजनी मास्के (कासस)<br>श्री दिपा शाही (कासस) | लागु औषध दुरुपयोग तथा ओसार पोसार गर्ने विरुद्धको दिवसमा कार्यक्रम | जिल्ला प्रशासन कार्यालय चितवन | |
| ४० | २०७९ असार १२ गते | श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष) | विपद व्यवस्थापन सम्बन्धी बैंठक | जिल्ला प्रशासन कार्यालय चितवन | जिल्ला प्रशासन कार्यालय चितवन |
| ४१ | २०७९ असार १७ गते | श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष) | उद्योग डाइरी प्रकाशन सम्बन्धमा | भरतपुर महानगर पालिका | भरतपुर महानगर पालिका |
| ४२ | २०७९ असार २० गते | श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष) | जिल्ला दररेट निर्धारण समिति बैठक | जिल्ला प्रशासन कार्यौलय चितवन | जिल्ला प्रशासन कार्यालय चितवन |
| ४३ | २०७९ असार २२ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष) | रोजगार मेला २०७९ | भरतपुर महानगर पालिका र रत्ननगर नगरपालिका | चितवन प्रर्दशनी केन्द्र भरतपुर |
| ४४ | २०७९ असार २४ गते | श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष) | लागुऔषध ओसारपोर सम्बन्धी | सामुदायिक सेवा केन्द्र | सामुदायिक सेवा केन्द्र |

| क्र.सं. | कार्यक्रम मिति | कार्यक्रममा सहभागिको नाम | कार्यक्रमको नाम | आयोजक संस्था | |
|---|---|---|---|---|---|
| ४५ | २०७९ असार २६ | श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष)<br>श्री सिरिष पन्त ( तृ. उपाध्यक्ष) | मालपोत सम्बन्धी दररेट निर्धारण | जिल्ला प्रशासन कार्यालय चितवन | जिल्ला प्रशासन कार्यालय चितवन |
| ४६ | २०७९ असार २७ | श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष)<br>श्री सिरिष पन्त ( तृ. उपाध्यक्ष) | साधारण सभा | इलेक्ट्रिक व्यवसायी संघ चितवन | |
| ४७ | २०७९ असार ३० गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री सुमनकुमार श्रेष्ठ (व. उपाध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष) | विज्ञापन करको विरोधमा भरतपुर महानगरपालिकालाई ज्ञापन पत्र हस्तान्तरण | उद्योग वाणिज्य संघ-चितवन | |


# बस्तुगत संघका कार्यक्रमहरु

## विद्युत व्यवसायी संघ-चितवनद्वारा मानव सेवा आश्रममा खाना खुवाउने कार्यक्रम सम्पन्न





विद्युत व्यवसायी संघ-चितवनले चितवन मानव सेवा आश्रमका आश्रित लक्ष्मी नारायणहरूलाई २०७९ असार ८ गते खाना खुवाउने कार्यक्रम सम्पन्न गरेको थियो । विद्युत व्यवसायी संघ-चितवनका अध्यक्ष श्री डोलराम न्यौपानेको जन्मदिनको सु-अवसर पारेर उक्त कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रमा बोल्दै विद्युत व्यवसायी संघ-चितवनका अध्यक्ष न्यौपानेले सधैँ यसरीनै खाना खुवाउन नसकेनी जन्मदिनको अवसर पारेर यस्ता संस्थाहरुमा खाना खुवाउँदा खुसी लागेको बताउनुभयो। कार्यक्रममा विद्युत व्यवसायी संघ-चितवनका पदाधिकारी कार्यसमिति सदस्यहरूको उपस्थितिमा ४३ जना लक्ष्मी नारायणहरूलाई खाना खुवाईएको संघका अध्यक्ष डोलराज न्यौपानेले जानकारी दिनुभयो। यसै गरि संघले असार २६ गतेका दिन उपाध्यक्ष कृष्ण सूवेदीको जन्मदिनको अवसर पारि भोजन उपलब्ध गराएको थियो ।


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०७९ साउन २० गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ४५०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ४१०० |
| ३. साना मंसुली | प्रति क्वि. | |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | |
| ५. धान मोटो नया | प्रति क्वि | ३५०० |
| ६. चामल मसिनो (वार) | प्रति क्वि | ८६०० |
| ७. चामल मन्सुली (सावा) | प्रति क्वि | ७००० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ५५०० |
| ९. मकै | प्रति क्वि. | ३६०० |
| १०. गहुँ | प्रति क्वि. | ३८०० |
| ११. कोदो | प्रति क्वि. | ४८०० |
| १२. फापर | प्रति क्वि. | ८३०० |
| १३. चना | प्रति के.जी. | ९२ |
| १४. केराउ | प्रति के.जी. | १३५ |
| १५. भटमास | प्रति के.जी. | १७० |
| १६. रहर दाल | प्रति के.जी. | १७० |
| १७. मसुरी दाल | प्रति के.जी. | १५५ |
| १८. मासको दाल | प्रति के.जी. | १५५ |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १५० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ९० |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ९० |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | · |
| घ. क्याटल फिड | प्रति के.जी. | · |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ३६ |
| २१. प्याज | प्रति के.जी. | ३८ |
| २२. तोरीको तेल | प्रति १० ली. | ३००० |
| २३. भटमासको टेल | प्रति १० ली. | २७८० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | ३०० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ४५० |
| २७. मरिच | प्रति के.जी. | १००० |
| २८. धनियाँ | प्रति के.जी. | ३०० |
| २९. क. सुन | प्रति तोला | ९७३०० |
| ख. चाँदी | प्रति तोला | १२५० |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | १७२०० |
| ख. २६ गेज | प्रति वण्डल | १३३०० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १३० |
| ख. ८ मि.मि. | प्रति के.जी | ११२।५ |
| ख. १० मि.मि. | प्रति के.जी | १०९ |
| ग. १२ मि.मि. | प्रति के.जी | १०९ |
| ३२. सिमेन्ट OPC शिवम् | प्रति बोरा | ७५० |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७५० |
| ख. निर्माण सिमेन्ट PPC | प्रति बोरा | ५८० |
| ग. निर्माण सिमेन्ट OPC | प्रति बोरा | ६८० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४०० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | २४० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ७५० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ४३० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ११० |
| ख. दही | प्रति लि. | ११० |
| ग. पनिर | प्रति के.जी. | ८०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. वटर | प्रति के.जी. | ९५० |
| च. घ्यू | प्रति के.जी. | १२०० |
| छ. खुवा | प्रति के.जी. | ११०० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्याावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.................................................................

.................................................................

.................................................................

.................................................................

.................................................................

.................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०